का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ जेठ २०७९,
मंगलबार
31 May 2022,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ११५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# असुरक्षित आकाश !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १५ जेठ ।

पोखराबाट जोमसोम जाँदै गरेको तारा एयरको टुविन्अटर 'नाइन एनएइटी' जहाज सोमवार मुस्ताङको थसाङ-२ मा दुर्घटनाग्रस्त अवस्थामा फेला परेपछि जहाजको विश्वसनीयताबारे प्रश्न उठ्न थालेको छ । करीब चार दशक पुरानो जहाजलाई नियमित चलाउँदा जहाज दुर्घटनामा परेको भन्दै आलोचना भएको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्री प्रेमबहादुर आलेले नेपालमा जहाज र हेलिकप्टर सेकेन्ड ह्यान्ड, थर्ड ह्याण्ड आउने गरेकोले थप असुरक्षित भएको बताएका छन् । 'हेलिकप्टर प्लेन जम्मै सेकेन्ड ह्यान्ड थर्ड ह्याण्ड आउदो रहेछ' मन्त्री आलेले भने । 'मौसम विभागले भन्छ भने उडान नै बन्द गरौ । यसबारे निर्णय गर्नुपर्ने हुन्छ । यसका लागि कानुनमा सुधार गर्नुपर्ने हुन्छ' उनले भने । 'पाइलट एकजना मात्रै हुन्छन् निजीमा । नेपाली सेनामा दुई जना पाइलट हुन्छ त्यसकारण कम दुर्घटना हुन्छ ।' जहाजमा दुई जना पाइलट अनिवार्य नहुनु पनि दुर्घटनाको एक कारण रहेको उनको भनाई छ ।

तर, नागरिक उड्डयन प्राधिकरणले भने खराब मौसमका कारण जहाज दुर्घटना भएको प्रारम्भिक निष्कर्ष निकालेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले राइट टर्न' गर्नुपर्ने जहाजले 'लेफ्ट टर्न' गरेर गएर भित्तामा ठोकिएको प्रारम्भिक अध्ययनले देखाएको बताएका हुन् ।

त्यसो त, सरकारले तारा एयरको दुर्घटनाबारेको जानकारी लिन ५ सदस्यीय छानबिन आयोग पनि गठन गरेको छ । आयोगका सदस्यमा क्याप्टेन दिपु ज्वार्चन, वरिष्ठ मेन्टिनेन्स इन्जिनियर उपेन्द्र लाल श्रेष्ठ, वरिष्ठ मौसमविद मणिरत्न शाक्य र मन्त्रालयका प्राविधिक सहसचिव बुद्धिसागर लामिछाने छन् । जहाजमा चालक दलका तीन सदस्यसहित २२ जना यात्रु रहेका थिए ।

## ७६ वर्ष, ५२ दुर्घटना

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तथ्याङ्क अनुसार नेपालमा पछिल्लो ७६ वर्षमा ५२ वटाभन्दा बढी जहाज तथा हेलिकप्टर दुर्घटनामा परेका छन् भने दुर्घटनामा ८५० जनाभन्दा बढीको मृत्यु भएको छ । नेपालमा पहिलो पटक सन् १९४६ मे ७ का दिन जहाज दुर्घटना भएको थियो । रोयल फोर्स एयरको जहाज दुर्घटना – बाँकी पृष्ठ २ मा



काठमाडौं महागरपालिकाका नवनिवीचत वडाध्यक्षहरुलाई राष्ट्रिय सभा ग्रहमा पद तथा गोपनियताको शपथ गराउँदै मेयर बालेन्द्र शाह । साथमा उपमेयर सुनिता डंगोल । तस्वीरः प्रदीपराज वन्त, रासस

# गठबन्धन लम्ब्याउने प्रयास

स्थानीय तहको चुनाव सम्पन्न भएसंगै राजनीतिक ध्रुविकरणबारे अनेक कोणबाट आशंकाहरु जन्मिरहेका बेला पाँच दलीय सत्तागठबन्धनका शीर्ष नेताहरु आसन्न चुनावको तालमेलमा जुटेका छन् । यसलाई नेताहरु गठबन्धन टिकाउने प्रयासको रुपमा अर्थ्याउँछन् ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १६ जेठ ।

पाँच दलीय सत्तागठबन्धनका शीर्ष नेताहरु आगामी सहकार्यका विषयमा छलफलमा जुटेका छन् । स्थानीय तहको चुनावको समीक्षा गर्न प्रधानमन्त्री निवास वालुवाटारमा बसेको शीर्ष नेताहरुको बैठकले थप सहकार्यको वातावरण बनेको निचोड निकालेका छन् । साथसाथै, कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा सहमति कायम गरेर अघि बढ्न निर्वाचित पार्टीका जनप्रतिनिधिहरुलाई निर्देशन जारी गरेका छन् ।

सोहीअनुसार सम्बन्धित पार्टीहरुबाट नगर कार्यपालिका र जिल्ला समन्वय समितिको चुनावमा पनि गठबन्धनमा आवद्ध दलहरुबीच सहमति गरेर अघि बढ्न जिल्ला र प्रदेशलाई निर्देशन दिइएको छ ।

स्थानीय तहको चुनाव सम्पन्न भएसंगै राजनीतिक ध्रुविकरणबारे अनेक कोणबाट आशंकाहरु जन्मिरहेका बेला पाँच दलीय सत्तागठबन्धन शीर्ष नेताहरु आसन्न चुनावको तालमेलमा जुटेका हुन् । यसलाई नेताहरु सत्तागठबन्धन टिकाउने प्रयासको रुपमा अर्थ्याउँछन् ।

स्वमं प्रधानमन्त्री शेरबहादुर देउवाले शीर्ष नेताहरु सम्मिलित – बाँकी पृष्ठ २ मा



स्थानीय चुनावमा भएको कमिकमजोरीबाट पाठ सिकेर आगामी दिनको सहकार्यलाई थप बलियो बनाउने गरी अघि बढ्नुपर्ने कुराकानी भयो ।

■ **नारायणकाजी श्रेष्ठ**
नेता, नेकपा माओवादी केन्द्र



स्थानीय निर्वाचनमा जस्तै अहिलेको गठबन्धनलाई प्रदेश र केन्द्रको निर्वाचनमा समेत अगाडि बढाउने कुरामा हाम्रो पार्टी दृढ छ ।

■ **पुष्पा भुसाल**
सचेतक, नेपाली कांग्रेस

# भिजिट भिसाका नाइके पक्राउ

## विमानस्थलका 'सेटिङ' कर्मचारीमाथि छानविन नभएको गुनासो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ जेठ

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरोले नेपाली युवाहरुलाई भिजिट भिसामा यूएई पुऱ्याएर अलपत्र पार्ने मुख्य अभियुक्तहरु पक्राउ परेको बताएको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरोका एसएसपी कुवेर कडायतले सोमबार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठलाई भेटी भिजिट भिसामा यूएई पुऱ्याएर अलपत्र पार्ने काममा संलग्न मुख्य अभियुक्तहरु पक्राउ गरिएको जानकारी दिएको मन्त्री श्रेष्ठको निजी सचिवालयले जनाएको छ ।

प्रहरीले त्रिनेत्र म्यानेजमेन्ट कन्सल्टेन्सीका संचालक कोमलराज उपाध्यायलाई भिजिट भिसाका मुख्य कारोवारी भएको दाबीसमेत गरेको छ । नेपाल प्रहरीले रेड कर्नर नोटिस जारी गरेको उनलाई यूएई प्रहरीले दुवईमा पक्राउ गरेको छ । प्रहरीले उपाध्यायकी श्रीमती रञ्जना ढकाललाई पनि आइतबार सर्लाहीबाट पक्राउ गरिएको बताएको छ । ढकाल बाहिरबाट ताला लगाएर लुकेर बसेको अवस्थामा पक्राउ परेको प्रहरीले बताएको छ ।

उपाध्याय दम्पतीसहित प्रहरीले वैदेशिक रोजगारीको प्रलोभन देखाएर नेपाली युवालाई भिजिट भिसामा यूएई पुऱ्याउने धन्दामा संलग्न रहेको भन्दै मधुविलास सापकोटा, खुमबहादुर खड्का र सन्तोष प्याकुरेललाई पनि पक्राउ गरेको जनाएको छ । उनीहरुको समूहले भिजिट भिसाको नाममा करिब २ करोड ५० लाख ठगी गरेको भन्दै ७६ जना पीडितले उजुरी दिएको बताइएको छ ।

एसएसपी कडायतले ठगीमा संलग्न कम्पनी वा व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन उनीहरुबारे यूएई प्रहरीलाई जानकारी गराइ सहयोग गर्न केन्द्रीय अनुसन्धान व्युरोले अपिल गरेको बताए । आकर्षक रोजगारी लगाइदिने भन्दै भिजिट भिसामा यूएईसहित विभिन्न मुलुक पुऱ्याएर अलपत्र पार्ने काममा संलग्न म्यानपावर कम्पनी, कन्सल्ट्यान्सीहरु, ट्राभल्स संचालकहरु, दलाल तथा बिचौलियालाई कारबाहीको दायरामा ल्याउनुपर्ने मन्त्री श्रेष्ठले बताए । उनीहरूले प्रतिव्यक्ति ३ लाख ५० हजारदेखि ८ लाख रुपैयाँसम्म ठगी गरेको प्रहरीले जानकारी पाएको बताएको छ । ईमो, ह्वाट्सएप, फेसबुक, मेसेन्जर जस्ता सामाजिक सञ्जालमा आकर्षक तलब, सेवा – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## संख्या सयबारे संघको ध्यानाकर्षण

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको प्रतिनिधिमण्डलले वैदेशिक रोजगार व्यवसायीले लिने सेवा शुल्क, इजाजत नवीकरणका लागि अनिवार्य गरिएको संख्या सयको समस्या समाधानका लागि प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको ध्यानाकर्षण गराएको छ ।

संघका संयोजक विमल ढकालको नेतृत्वको टोलीले सोमबार वैदेशिक रोजगारका क्षेत्रमा रहेका समस्या बारेमा ध्यानाकर्षण गराउँदै समाधानको लागि पहल गरिदिन समितिलाई आग्रह गरेको हो । छलफलमा सहभागी नेपाल वैदेशिक रोजगार ब्यबसायी गणतान्त्रिक मञ्चका महासचिव कुन्छा दोर्जे डिमडोङले संख्या सयको – बाँकी पृष्ठ २ मा

बजेटबारे एमालेको टिप्पणी

# प्राथमिकता बिहीन

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १५ जेठ ।

प्रमुख प्रतिपक्षी नेकपा एमालेले सरकारले ल्याएको आगामी आर्थिक बर्षको बजेटबारे समिक्षा गरेको छ । सोमबार संसद भवन नयाँ वानेश्वरमा बसेको संसदीय दलको बैठकमा संसदीय दलका नेता केपी शर्मा ओलीले बजेटबारे टिप्पणी गरे, 'प्राथमिकताबिहीन ।' बजेटले सिद्धान्त के हो ? भनेर समेत जनतालाई भन्न नसकेको उनको टिप्पणी छ ।

सरकारले अनुचित ढंगले आगामी आर्थिक वर्षको बजेट ल्याएको ओलीको जिकिर छ । अब सरकारले ल्याएको बजेटलाई जनताको बीचमा भण्डाफोर गरेर लैजान पार्टीका सांसदहरुलाई ओलीको निर्देशन छ । ओलीले भनेका छन्, 'बजेट अनुचित, विना सिद्धान्त र प्राथमिकताको आधारमा आएको छ । यसको भण्डाफोर हुने गरी जनताको बीचमा लैजानुस् ।'

प्रमुख सचेतक विशाल भट्टराईका अनुसार संसदीय दलले बजेट अनुचित, सिद्धान्तहिन र प्राथमिकताविहीन ढंगले आएकाले त्यसलाई भण्डाफोर गर्न पार्टीका सांसदहरु समेत परिचालित हुने निर्णय लिएको छ ।

चुनावमा भोट माग्ने किसिमले सरकारले बजेट ल्याएको, देशको अर्थतन्त्रको यथार्थलाई सम्बोधन गर्न नचाहेको र बजेट हावादारी रहेको निष्कर्ष समेत बैठकले – बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१७ जेठ २०७९, मंगलबार
31 May 2022, Tuesday

# प्रधानसेनापति शर्माको भ्रमण स्वीकृत



**काठमाडौं/मस–** सरकारले प्रधानसेनापति प्रभुराम शर्मा नेतृत्वको भ्रमण दललाई युएनआइएफआइएलएल, लेबनान र युएनडिओएफ, सिरिया तथा मित्रराष्ट्र संयुक्तराज्य अमेरिका भ्रमणमा जान स्वीकृति दिएको छ । मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्न सोमबार आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले सो जानकारी दिए ।

यसैगरी मन्त्रिपरिषद्को बैठकले बेल्जियमको राजधानी ब्रसेल्समा यही जेठ १८ देखि १९ गतेसम्म आयोजना हुने 'ग्लोबल समिट २०२२ टर्निङ द टाइड अन चाइल्ड सेक्सुअल अबुउज अनलाइन' कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य सलोनी सिंहलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

बैठकले नेपाल बैंक लिमिटेडको स्वामित्वमा सुर्खेतमा रहेको जग्गा नेपाल राष्ट्र बैंकलाई लिजमा दिन स्वीकृति दिने, गणतन्त्र दिवस, २०७९ का अवसरमा उपमाकान्त पराजुलीसमेत १६ व्यक्तिको सजाय माफी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको उनले बताए ।

सरकारले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी समितिको सदस्यमा प्रकाशबहादुर श्रेष्ठलाई मनोनयन गर्ने, सुरक्षण मुद्रण विकास समिति ९गठन० (तेस्रो संशोधन) आदेश, २०७९ को दफा ६ को उपदफा ९३० बमोजिम सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक विकल पौडेलको पदावधि एकपटकका लागि थप गर्ने निर्णयसमेत गरेको छ ।

सरकारले परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथलीमा पदाधिकारी रहेका जनसंख्या प्रमुख कन्सलटेन्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट डा जागेश्वर शर्मा गौतमले दिनुभएको राजीनामा स्वीकृत गर्नुका साथै लोक सेवा आयोगको सिफारिसबमोजिम निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा नियुक्ति तथा पदस्थापन गर्ने निर्णय गरेको मन्त्री कार्कीले जानकारी दिए ।

यसैगरी मन्त्रिपरिषद् बैठकले बजेट तथा अर्थसम्बन्धी विधेयक सङ्घीय संसद्मा पेश गर्ने, मूल्य अभिवृद्धि कर (चौबिसौँ संशोधन) नियमावली, २०७९ अन्तःशुल्क ९तेइसौँ संशोधन० नियमावली, २०७९: भन्सार (तेह्रौँ संशोधन) नियमावली, २०७९ र आयकर (तेहौँ संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने निर्णय गरेको छ ।

# निजगढ विमानस्थलको निर्माण अघि बढाउन समितिको निर्देशन



**काठमाडौं/मस–** संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले कानूनी अड्चन हटाएर निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अघि बढाउन निर्देशन दिएको छ ।

आइतबार बसेको समिति बैठकले कानूनी बाधा हटाएर विमानस्थल निर्माण शीघ्र अघि बढाउन सरकारलाई निर्देशन दिएको हो । लामो समयको अध्ययन तथा धेरै ठूलो लगानीका साथ अगाडि बढाइएको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य रोक्ने निर्णय उचित नभएको समितिको निष्कर्ष छ ।

बैठकमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले निजगढ विमानस्थलको विकल्प नभएको बताए । नेपालले सर्वोच्चबाट आएको फैसलाबाट आफु स्तब्ध भएको बताउदै वस्तुस्थितिबारे जानकारी नभइकन बनाउन नहुने भन्ने निर्णय गरिएको टिप्पणी गरे ।

नेपाली कांगेसका सांसद प्रकाशमान सिंहले निजगढ अन्तर ाष्ट्रिय विमानस्थल बनाउन नसकेमा राज्यको लगानी खेर जाने बताए । नेकपा एमालेका सांसद भीम रावलले सर्वोच्च अदालतको आदेश वेवास्ता गरेर भएपनि बिमानस्थल निमार्ण हुनु पर्ने बताए ।

नेकपा माओवादी केन्द्रका सांसद सुदन किराँतीले निजगढ विमानस्थल बन्न नसेकमा सय वर्ष पछाडी परिने बताए । सर्वोच्च अदालतको बृहत पूर्ण इजलासले हालै मात्र निजगढ विमानस्ल निर्माण नगर्न आदेश दिएको थियो ।

# महानगरको फोहर व्यवस्थापनका लागि कार्यदल



**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाको फोहोरमैला व्यवस्थापनबारे अध्ययन गर्न नगर प्रमुख बालेन्द्र शाहको संयोजकत्वमा कार्यदल गठन गरिएको छ । कामपाको नवनिर्वाचित प्रमुख शाहको अध्यक्षतामा सोमबार बसेको पहिलो कार्यपालिका बैठकले उपप्रमुखसहित पाँच जनाको अध्ययन कार्यदल गठन गर्ने निर्णय गरेको हो ।

त्यसैगरी सार्वजनिक शौचालय सञ्चालनमा ल्याउने सम्बन्धमा होटल, रेष्टुराँ र पेट्रोल पम्पसँग पनि सहकार्य गर्ने निर्णय गरिएको छ ।

सहकार्य गरिने रेष्टुराँ र पेट्रोल पम्ममा कामपाले सङ्केत चिह्न राख्नेछ र ती स्थानका शौचालय सर्वसाधारणले निःशुल्क प्रयोग गर्न सक्नेछन् ।

त्यस्तै सडकका खाल्डाखुल्डी पुर्न भौतिक पूर्वाधार एम्बुलेन्स सञ्चालनमा ल्याइने भएको छ । तत्काल नगरवासीको गुनासो सम्बोधन गर्नका लागि कल सेन्टरको स्थापना गर्ने निर्णय पनि बैठकले गरेको छ । सडकका खाल्डाखुल्डी पुर्ने, ढल निकास नियमित गर्नेजस्ता काम सात दिनभित्र सक्नका लागि दुई भौतिक पूर्वाधार एम्बुलेन्स सञ्चालनमा ल्याउने निर्णय गरिएको छ । कार्यपालिका बैठक मङ्गलबार १० बजे पुनः बस्नेछ ।

**'ठमेलदेखि नयाँ बसपार्क क्षेत्रलाई व्यवस्थित बनाइने'**

काठमाडौंको प्रमुख पर्यटकीय गन्तव्य ठमेलदेखि नयाँ बसपार्क क्षेत्रलाई व्यवस्थित बनाइने भएको छ । काठमाडौं महानगरपालिका–२६ का नवनिर्वाचित वडाध्यक्ष ख्यामराज तिवारीले सोमबार पदभार ग्रहण गर्दै उक्त क्षेत्रलाई व्यवस्थित र नमूना क्षेत्र बनाउने बताए ।

'ठमेल घुम्न आएका विदेशी पर्यटकलाई नयाँ बसपार्क घुम्न जाने वातावरण निर्माणमा वडा लाग्नेछ' उनले भने ।

दोस्रोपटक पुनः वडाध्यक्ष निर्वाचित भएका तिवारीले आफ्नो पहिलो कार्यकालमा ऐन, नीति, नियम निर्माण र वडा कार्यालयको भवन निर्माणमा बितेको भन्दै आगामी कार्यकालमा वडाभित्रका समस्या समाधानमा काम गर्ने बताए ।

अघिल्लो कार्यकालमा वडा कार्यालय भवन निर्माण, लैनचौर खेल मैदान निर्माण, मल्ल होटलदेखि ठमेल क्षेत्रको बाटो चौडाइ, भगवानबहाल मन्दिर पुनःनिर्माण, ठमेलेश्वर महादेव मन्दिरको भजन घर निर्माण, लैनचौरस्थित नारायण मन्दिर निर्माण, शान्ति विद्या गृह स्कुलको भवन पुनःनिर्माण र विभिन्न बाटोहरु कालोपत्र गरेको उनको भनाइ थियो ।

मेलम्ची खानेपानी आयोजनाको काम र विद्युत् प्राधिकरणको कामले गर्दा कतिपय बाटाहरू कालोपत्र रोकिएको भन्दै यसलाई समेत चाँडो सम्पन्न गरिने वडाध्यक्ष तिवारीले बताए ।

वडाध्यक्ष तिवारीसँगै वडा सदस्य बाबुकाजी महर्जन, प्रवेश श्रेष्ठ, शान्ता प्रजापति महर्जन र रुपा नेपालीले पनि वडा कार्यालय पुगेर आफ्नो पदभार ग्रहण गरेका थिए ।

सोही अवसरमा नेपाल महिला एकता समाजले वडाध्यक्ष तिवारीलगायत सम्पूर्ण नवनिर्वाचित जनप्रतिनिधिलाई भेटेर सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ । भेटमा समाज काठमाडौंकी अध्यक्ष मणि लामाले सुरक्षित बसोबास, सुनिश्चित अधिकार र हिंसामुक्त समाज निर्माणका लागि वडाको ठूलो भूमिका रहेको बताइन् । उनले महिला अधिकारका लागि काम गर्नसमेत वडालाई आग्रह गरिन् ।

विसं २०५७ मा स्थापना भएको नेपाल महिला एकता समाजले महिला हक, हित र अधिकारका लागि काम गर्दै आइरहेको लामाको भनाइ छ । काठमाडौं महानगरपालिका–२६ मा ठमेल, लैनचौर, गल्कोपाखा, सामाखुसी, म्हैपी, नयाँ बसपार्क, गाँगबु, टाउन प्लानिङ, रानीबारीलगायत क्षेत्रहरू पर्दछन् ।

# बजेट अधिवेशन शुरु



**विराटनगर/मस–** प्रदेश नं १ प्रदेशसभाको १०औं तथा बजेट अधिवेशनको पहिलो बैठक सोमबारबाट शुरु भएको छ । बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बोले आर्थिक वर्ष २०७९/८० को विनियोजन विधेयकमा समावेश हुने सिद्धान्त र प्राथमिकता पेश गरे ।

मुख्यमन्त्री राजेन्द्रकुमार राईले संसदीय व्यवस्थालाई सुदृढ एवं संस्थागत गर्न प्रतिपक्ष दलका नेताले सदनमा रचनात्मक भूमिका निर्वाह गर्नुपर्ने बताए । उनले प्रदेश सरकारले यातायातका क्षेत्रमा र विकासमा उल्लेखनीय उपलब्धि हासिल गरेको चर्चा गर्दै उदासीन तथा सूचनाको अभावमा प्रतिपक्ष दलका नेताहरुले अभिव्यक्ति दिनु उचित नहुने उल्लेख गरे ।

मुख्यमन्त्री राईले अहिलेको सरकार सिँगारिएको जस्तो नभएर यथार्थपरक रहेको चर्चा गरे । आफ्नो आर्थिक क्षमताभन्दा बाहिर गएर ल्याएको योजनालाई सम्पन्न गर्न वर्तमान सरकार स्रोत र बजेटको व्यवस्थापनमा लागेको उल्लेख गर्दै उनले भने, 'प्रदेश सरकार अनावश्यक खर्च कटौती गरिरहेको छ ।'

विगतका सरकारले सञ्चालन गरेको योजना अहिले सङ्कटमा रहेको चर्चा गर्दै मुख्यमन्त्री राईले स्रोत र बजेटको व्यवस्थापन नगरी ल्याएका योजना सम्पन्न गर्न सरकार उपाय खोजिरहेको धारणा राखे ।

आगामी आर्थिक वर्षको बजेट निर्माणमा जनता र जनताबाट छानिएर आएका जनप्रतिनिधिको पनि सल्लाह तथा सुझावलाई समावेश गर्ने उनको भनाइ छ । मुख्यमन्त्री राईले भने, 'प्रदेशको नाम सकेसम्म सहमतिबाट नभए प्रक्रियाबाट टुङ्गो लगाउनुपर्छ, निधारमा लागेको कालो टीकालाई मेटाउन पनि प्रदेशको नामकरण हुनुपर्ने र यसको अगुवाइ नेकपा एमालेले गर्नुपर्छ ।

## असुरक्षित...

हुँदा मानवीय क्षति भने भएको थिएन । नेपालमा जहाज दुर्घटना हुँदा पहिलो पटक मानवीय क्षति सन् १९५५ मा भएको थियो । कालिंगा एयरको जहाज दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको थियो । त्यस्तै पछिल्लो पटक भने युएस–बाङ्गला एयरलाइन्सको जहाज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सन् २०१८ मा दुर्घटना हुँदा ५१ जनाको ज्यान गएको थियो ।

सोही वर्ष अल्टिच्युड एयरको हेलिकप्टर नुवाकोटमा दुर्घटना भएको थियो । हेलिकप्टर दुर्घटनामा ६ जनाको मृत्यु भएको थियो । सन् २०१८ मा नै मकालु एयरको जहाज सिमिकोटमा दुर्घटना भएको थियो । दुर्घटनामा परी दुई जनाले ज्यान गुमाएका थिए ।

एयर डाइनेस्टीको हेलिकप्टर सन् २०१९ मा ताप्लेजुङको सिस्नेभीरमा दुर्घटनामा परेको थियो । दुर्घटनामा ७ जनाको मृत्यु भएको थियो । सोही वर्ष समिट एयरको जहाज लुक्ला विमानस्थलमा दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको थियो । गुणस्तरहीन र थोत्रा जहाज नेपालमा प्रयोग हुँदा र मौसम प्रतिकुल हुँदा धेरैपटक यस्ता दुर्घटना हुँदै आएका छन् । दुर्घटना रोक्न सरकारी पक्षले विशेष पहल नलिने हो भने आगामी दिनमा पनि यस्ता घटना नदोहोरिएलान् भन्न सकिदैंन ।

## गठबन्धन...

बैठकमा आफुबाट गठबन्धनका दलहरुलाई धोका नहुने आश्वासन दिएर निरन्तर सहकार्यका लागि आग्रह गरेका छन् । खासगरी नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा)ले स्थानीय चुनावमा तालमेल प्रभावकारी हुन नसकेको गुनासो गरिरहेका बेला देउवाले आफुबाट धोका नहुने बाचा गरेका छन् ।

सत्तारुढ पाँच दलले स्थानीय चुनावमा देशभर तालमेल गर्ने निर्णय गर्दै महानगरपालिका र उपमहानगरपालिकाको भागवण्डा केन्द्रीय स्तरबाटै गरेका थिए । तर कतिपय ठाउँमा तालमेल नै भएन भने तालमेल भएका पालिकाहरुमा समेत बागी उम्मेदवारी परेका कारण तालमेल भए अनुसार गठबन्धनमा रहेका कांग्रेस बाहेकका दलले जनप्रतिनिधिहरु जिताउन सकेनन् ।

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले कांग्रेस स्वयंले तालमेलको पालना नगरेको भनी प्रश्न उठाएका थिए । नेपाल र यादवको प्रश्न आफुले पनि महसुस गरेको उल्लेख गर्दै देउवाले पार्टीभित्र मतभेद भएका कारण समस्या भएको स्वीकार गरे । आसन्न निर्वाचनर्फ इंकित गर्दै उनले भने, 'तर हामी धोका दिन्नौं ।'

'तर,स्थानीय चुनावमा भएको कमिकमजोरीबाट पाठ सिकेर आगामी दिनको सहकार्यलाई थप बलियो बनाउने गरी अघि बढ्नुपर्ने कुराकानी भयो' माओवादी केन्द्र नेता नारायणकाजी श्रेष्ठले भने ।

नेपाली कांग्रेसकी सचेतक पुष्पा भुसाल पनि सत्तारुढ दलबीचको गठबन्धन संघ र प्रदेशको निर्वाचनमा पनि कायमै रहने बताउँछिन् । एमालेले नयाँ गठबन्धन बनाउने प्रयास गर्नुलाई अन्यथा मान्न नसकिने तर, एमालेबाट विगतमा भएका निशेधका राजनीति, संसद विघटन गरेर मुलुकलाई अस्थिरतामा धकेल्न गरी भएको प्रयास र त्यसलाई सच्याउन मुलुकले खर्च गर्नु परेको समयलाई गठबन्धनमा रहेका दलहरुले राम्रोसँग बुझेको उनको भनाइ छ ।

सचेतक भुसाल कांग्रेस स्थानीय तहमा रहेको गठबन्धनलाई संघ र प्रदेशको निर्वाचनसम्म निरन्तरता दिने पक्षमा रहेको र सोही अनुसार गठबन्धनमा रहेका दलहरुका बीचमा विश्वास कायम रहेको उनी बताउँछिन् ।

'स्थानीय चुनावमा जुन जीत हात परेको छ, त्यसबाट आमजनताको कांग्रेस प्रतिको आस्था, विश्वास बढेको महशुस गरेका छौँ । यसकारण कांग्रेसको काँधमा जिम्मेवारी थपिएको छ । र यही निर्वाचनमा जस्तै अहिलेको गठबन्धनलाई भोलिको दिनमा प्रदेश र केन्द्रको निर्वाचनमा समेत अगाडि बढाउने कुरामा हाम्रो पार्टी दृढ छ' उनले भनिन् ।

सचेतक भुसालले काठमाडौं महानगरपालिकाको निर्वाचनमा युवा मतदाता थपिएका कारण युवाहरुले स्वतन्त्र उम्मेदवारलाई मत दिएको पाएको बताइन् । पार्टी भित्रका आन्तरिक असन्तुष्टि पनि निर्वाचन परिणाममा प्रकट भएको उनको भनाइ छ । उनले महानगरको प्रारम्भिक मत परिणामले आगामी दिनमा पार्टीको आन्तरिक संगठनलाई व्यवस्थापन गरेर मात्रै निर्वाचनमा जानुपर्ने संकेत दिएको बताइन् ।

'अहिले ३५ लाख बढी युवाहरु नयाँ मतदाता थपिएका छन् । अहिले नयाँ युवा मतदाताहरु थपिदै गर्दा पपुलर भोटका कुराहरु आउँछन् । दोस्रो, पार्टी भित्रका आन्तरिक असन्तुष्टिका कुराहरु पनि त्यहाँ प्रकट हुने गर्दछन् । तर पनि काठमाडौंको अहिले जुन किसिमको परिणाम आइराखेको छ, यो सुरुवाती परिणाम हो । तटस्थ व्यक्तिलाई भोट जाने बढेको छ, यसबाट भोलीको दिनमा पार्टीले उम्मेदवारी दिदैं गर्दा पार्टी भित्रको आन्तरिक संगठनलाई व्यवस्थापन गरेर अनि मात्र निर्वाचनमा जानुपर्ने संकेतहरु देखा परेको छ,' उनले भनिन्, 'अहिलेको जुन परिणाम छ, त्यसैलाई हेरेर निष्कर्षमा त पुग्न सकिदैन, तर त्यो सन्देश चाँहि हाम्रो पार्टीले पनि ग्रहण गर्नुपर्ने देखिन्छ ।'

## भिजिट...

सुविधाको अनधिकृत विज्ञापन र मोबाइल नम्बर राख्दै लोभ देखाएको प्रहरीको भनाइ छ ।

भिजिट भिसाको ठगी धन्दामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमनका कर्मचारीको गिरोह पनि संलग्न रहेको यसअघि नै सार्वजनिक भएको थियो । यूएईमा रहेका गिरोहका सदस्य पक्राउ गर्दा विमानस्थलमा कार्यरत केही भ्रष्ट निजामती कर्मचारीप्रति प्रहरीले अनुसन्धान नै शुरू नगरेकोमा भने सरोकारवालाहरूले असन्तुष्टि जनाएका छन् ।

## संख्या...

प्रावधानसहित वैदेशिक रोजगारीका लागि युरोप जाने कामदारको मागपत्र प्रमाणीकरण र भिसा समस्यालगायतका विषयमा समितिका सभापति विमल श्रीवास्तव, वैदेशिक रोजगारका समस्या अध्ययन गर्न गठित उप समितिका संयोजक एल.पि. साँवा लिम्बूसहित समितिका अन्य सदस्यहरुसँग छलफल भएको जानकारी दिए ।

व्यवसायीहरूले इजाजत नवीकरण गर्न वार्षिकरूपमा सय जना कामदार पठाउनुपर्ने ऐनको वाध्यताले नेपालका व्यवसायी र रोजगारीमा जाने कामदार सबैलाई समस्या रहेको विषयमा समेत ध्यानाकर्षण गराएका छन् ।

समिति सभापति श्रीवास्तव र उपसमिति संयोजक लिम्बू दुबैले समस्याको समाधानका लागि पहल गर्ने आश्वासन दिएको पनि महासचिव डिमडोङले जानकारी दिए ।

## बजेटबारे...

निकालेको उनले जानकारी दिए ।

प्रमुख सचेतक भट्टराईका अनुसार बैठकमा अध्यक्ष ओली, पूर्व अर्थमन्त्रीहरु विष्णु पौडेल, सुरेन्द्र पाण्डे, डा. युवराज खतिवडाले बजेटबारे सांसदहरुलाई प्रशिक्षणात्मक बृफिङ गरेका थिए । बजेटको प्राविधिक पाटो र अर्थ राजनीतिक कोणबाट पार्टी निकट बौद्धिक व्यक्तित्वहरु राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. पुष्पराज कँडेल, योजना आयोगकै पूर्व सदस्य डा. दिनेशचन्द्र देवकोटाले बृफिङ गरेका थिए ।

बृफिङ अनुसार पार्टी परिचालित हुने एमाले नेताहरु बताउँछन् ।

# विद्यार्थीलाई निःशुल्क पोसाक

**राजविराज/मस–** सप्तरीको खडक नगरपालिकाका नवनिर्वाचित नगरप्रमुख जयप्रकाश चौधरी थारुले नगरभरका सामुदायिक विद्यालयका विद्यार्थीलाई निःशुल्क पोसाक प्रदान गर्ने निर्णय गरेका छन् । सोमबार पदभार ग्रहणपछि उनले पहिलो निर्णय गर्दै सामुदायिक विद्यालयका विद्यार्थीलाई पाइन्ट, शर्ट, जुत्ता र टाईसहितको पोसाक निःशुल्क प्रदान गर्ने बताए । पहिलो चरणमा प्राथमिक तहमा, दोस्रो चरणमा निम्न माध्यममा र तेस्रो चरणमा माध्यमिक तहका विद्यार्थीलाई पोसाक निःशुल्क प्रदान गरिनेछ उनले भने । यसका लागि आगामी वर्षको शिक्षा क्षेत्रअन्तर्गत पोसाकको लागि बजेट छुट्याइनेछ ।

नगरभरिका गर्भवतीका लागि भिडिओ एक्सरे सेवा निःशुल्क र नगर बाहिरकालाई ५० प्रतिशत शुल्क लिई सेवा दिने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत कुन्दनकुमार कर्णले जानकारी दिए । उनका अनुसार भिडिओ एक्सरे मेसिन खरिद भइसकेको छ' सो सेवा शुरु गर्नका लागि केही समय लाग्ने बताए । नगरपालिकाअन्तर्गत कार्यालयमा सिसी क्यामेरा र विद्युतीय हाजिरी प्रणाली जडान गरी अनलाइन सुपरीवेक्षण र अनुगमनको व्यवस्था गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने निर्णय भएको जनाएको छ ।

# ढोरपाटन नगरका जनप्रतिनिधिलाई प्रशिक्षण




**गण्डकी/मस–** नेपाली कांग्रेस गण्डकी प्रदेश कार्यसमितिले बागलुङको ढोरपाटन नगरपालिकामा गठबन्धनका तर्फबाट निर्वाचित जनप्रतिनिधिलाई प्रशिक्षण दिएको छ ।

निर्वाचनका क्रममा व्यक्त गरेका प्रतिबद्धतासँगै जनताका आवश्यकतालाई जनप्रतिनिधिले सम्बोधन गर्नुपर्ने जिम्मेवारी एवं दायित्वबारे उनीहरूलाई बोध गराउने उद्देश्यका साथ प्रशिक्षण दिइएको हो ।

नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले जनप्रतिनिधिहरूले जनताको भावनालाई आत्मसात गर्दै अघि बढ्नुपर्नेमा जोड दिए ।

जनताको विश्वास जित्नेगरी काममा जुट्न आग्रह गर्दै उनले जनताको शासक नभई सेवक हुँ भन्ने भावनाका साथ क्रियाशील बन्नुपर्ने आवश्यकता औंल्याए ।

ढोरपाटन नगरपालिकाका नवनिर्वाचित उपप्रमुख धनबहादुर कायतले जनअपेक्षाअनुसार काम गर्ने कुरामा आफूहरू दृढ रहेको बताए ।

पोखरा र ढोरपाटनलाई पर्यटकीयरूपमा जोड्नुपर्ने आवश्यकता औंल्याउँदै उनले त्यसका लागि सहयोग गर्न आग्रह गरे । नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रशिक्षण विभागका उपप्रमुख प्रा.डा.कुसुमाकर न्यौपानेले नेपाली कांग्रेसको संकल्प र जनप्रतिनिधिको दायित्व सम्बन्धमा प्रशिक्षण दिए ।

उक्त अवसरमा स्थानीय जनप्रतिनिधिले जान्नुपर्ने कानूनी विषयमा कपिलमणि दाहाल, नेपाली कांग्रेसको संकल्प र योजना, प्रशासन र आर्थिक कारोबार सम्बन्धमा जयराम पौडेल, जनप्रतिनिधिमा हुनुपर्ने नैतिकता, जिम्मेवारीलगायतका विषयमा कमलराज सापकोटाले प्रशिक्षण दिएका थिए । उक्त अवसरमा पार्टीका गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले नवनिर्वाचितलाई टीका तथा खादा लगाएर बधाई तथा शुभकामना व्यक्त गरेका थिए ।

# झुलुङ्गे पुलको प्लेट नै चोरी, आवतजावतमा रोक



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ जेठ

रौतहट गौर नगरपालिका ५ बरहवा तालमा रहेको झुलुङ्गे पुलको प्लेट नै चोरी भएको छ। आइतबार गौर नगरपालिका मेयर शम्भु साहले पर्यटकीय स्थलको रुपमा रहेको ताल थप व्यवस्थित र विकासको लागि अनुगमन गर्न जाँदा झुलुङ्गे पुलको प्लेट चोरी भएको पाइएको हो।

कडा सुरक्षाकोबीच पुलको प्लेट चोरी हुनु शंकास्पद समेत रहेको स्थानीय बताउँछन्। मेयर साहले पुनः अनुगमन गरी घटनाबारे थप जानकारी लिएका थिए। घटनामा संलग्न दोषीलाई कानूनी दायरामा ल्याउने पनि उनले बताए।

प्लेट चोरी भए लगतै झुलुङ्गे पुलबाट आवतजावतमा रोक लगाइएको छ। आवतजावत गर्दा दुर्घटना हुनसक्ने सम्भावना रहेकोले नगर प्रहरीलाई सुरक्षामा परिचालन गरिएको छ। तत्कालिन प्रधानमन्त्री डा.बाबुराम भट्टराईले २०६८ सालमा उक्त झुलुङ्गे पुलको उद्घाटन गरेका थिए। १० वर्ष अघि पुल बनेको कारण केहि मर्मत गर्नुपर्ने र पार्कलाई थप व्यवस्थित बनाउन आइतबार गौरका मेयर शम्भु साह अनुगमन गर्न पुगेका थिए।

# कक्षा १२ को परीक्षा शुरू




**भक्तपुर/मस–** राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको कक्षा १२ को परीक्षा देशभर एकै साथ शुरु गरेको छ। सोमबार बिहान ८ बजेदेखि ७७ जिल्लाका एक हजार २९२ परीक्षा केन्द्रमा एकै साथ सो तहको परीक्षा शान्तिपूर्णरुपमा शुरु भएको बोर्डका अध्यक्ष डा महाश्रम शर्माले जानकारी दिए।

यही जेठ २५ गतेसम्म सञ्चालन हुने परीक्षामा देशभरबाट करिब चार लाख १५ हजार परीक्षार्थी सहभागी हुने जानकारी दिँदै बोर्डका अध्यक्ष डा. शर्माले सबै परीक्षा केन्द्रमा परीक्षा शुरु हुनुभन्दा आधा घण्टा अगाडि अनलाइनबाट प्रश्नपत्र पठाएको जानकारी दिए।

परीक्षा केन्द्रले प्रश्न पत्र फोटोकपी गरेर परीक्षार्थीलाई वितरण गर्ने व्यवस्था गरिएको छ। विगत दुई वर्ष कोभिड महामारीका कारण विद्यार्थीले अध्ययन गरेकै विद्यालय (होम सेन्टर) मा परीक्षा सञ्चालन गर्दा अनलाइनबाटै प्रश्नपत्र पठाउने व्यवस्था गरेपछि यस वर्ष पनि प्रश्न पत्र अनलाइनबाट पठाउने व्यवस्था गरिएको हो। बिहान ८ देखि ११ बजेसम्म सञ्चालन हुने परीक्षालाई शान्तिपूर्ण, मर्यादित, व्यवस्थितरुपमा सम्पन्न गर्न बोर्डलेसबै सरोकारवाला निकाय तथा आमनागरिकमा आह्वान गरेको छ।

# भाउजूलाई पेट्रोल छर्केर आगो लगाउने देवर पक्राउ

राजविराज/मस- भाउजूलाई पेट्रोल छर्केर आगो लगाई हत्या गरी फरार रहेका देवरलाई प्रहरीले सोमबार पक्राउ गरेको छ। पक्राउ पर्नेमा सप्तरीको बोदेबर्साइन नगरपालिका-१ धनगढीका २५ वर्षीय परमेश्वर साह रहेको प्रहरीले जनाएको छ। गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय बोदेबर्साइनबाट खटिएका वरिष्ठ प्रहरी नायब निरीक्षक सुरेश पालको नेतृत्वको टोलीले उनलाई पक्राउ गरेको हो। गत वर्ष २०७८ माघ २१ गते उनले दाजु रविन साहकी २७ वर्षीया श्रीमती राजकुमारी साहलाई घरमा खाना पकाइरहेको अवस्थामा जीउभरि पेट्रोल छर्की आगो लगाएका थिए।

## नेपाल सरकार
## खानेपानी मन्त्रालय
## खानेपानी तथा ढल व्यवस्थापन विभाग
## संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
विराटनगर

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७९/०२/१७ गते**

उपरोक्त विषयमा यस आयोजनाको तर्फबाट मिति २०७८/११/३० गते नागरिक दैनिक राष्ट्रिय दैनिक पत्रिका र मिति २०७८/१२/०४ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रको सूचना अनुसार रितपूर्वक दर्ता भई प्राविधिक तथा आर्थिक प्रस्तावहरुको मूल्याँकन हुँदा, तपसीलका बोलपत्र न्यूनतम मूल्याँकित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| सि.न. | ठेक्का नं. | कामको विवरण | सफल बोलपत्रदाता को नाम र ठेगाना | कवोल गरेको रकम (मू.अ.कर सहित) |
|---|---|---|---|---|
| 1 | 18/078-79/Maheshpur/ FWSSMP_Biratnagar | Construction of 100 m3 OHT at Sundarpur Water Supply Project, Udayapur | pudasai nirman sewa, Jhorahat-1, Morang | 1,48,41,548.96 |
| 2 | 21/078-79/Sundarpur/ FWSSMP_BRT | Construction of 100 m3 OHT at Sundarpur Water Supply Project, Udayapur | pudasai nirman sewa, Jhorahat-1, Morang | 58,33,980.03 |
| 3 | 22/078-79/Tapeshwori/ FWSSMP_BRT | Construction of 100 m3 OHT, Deep Tubewell, Compound wall and Guard house at Tapeshwori Water Supply Project, Udayapur | Saina Construction, Aurahi Ga.pa., Siraha | 1,21,00,327.22 |
| 4 | 23/078-79/ Buddhashanti/ FWSSMP_BRT | Construction of 225 m3 OHT, 100 m3 RVT, Office Building, Septic Tank & Guard house at Buddhashanti Water Supply Project, Jhapa | pudasai nirman sewa, Jhorahat-1, Morang | 1,39,55,609.23 |
| 5 | 24/078-79/PN/ FWSSMP_BRT | Supply & Delivery of HDPE Pipes for Various WSPs of Udayapur, Jhapa & Morang district | Mahalaxmi Wire & Cable Industries Pvt. Ltd. Tankisinwari-6, Morang | 1,25,20,161.91 |

(आयोजना प्रमुख)


**Malaysia मा रोजगार | Company : PANTECH STAINLESS & ALLOY INDUSTRIES SDN BHD**
City: Malaysia

पुर्व स्वीकृत मितिः २०७९/०२/१६ चलानी नं.: ६०१८००४० LT. No.: 263845

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | स. काममा दक्ष | 1500 | ४२,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २४ गते (7 June 2022) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वेदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

DOS Link
**DOS LINK PVT. LTD.**
Govt .Lic No. 991/067/068
Samakhushi-29 Kathmandu, Tel : 4360929, 4360780, Fax: 4360780
Email-Doslink991@gmail.com Website-doslinkoverseas.com

**UAE मा वैदेशिक रोजगार | कम्पनीः GEEBEE GARMENTS (FZE )**
शहरः UAE

पूर्व स्वीकृत मितिः २०७९/०२/१६ चलानी नं.: ६०१८००४१ LT. No.: 263837

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sewing Machine Operator | 35 | 25 | स. काममा दक्ष | 800 | २६,९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २४ गते (7 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**इन्टरनेशनल ट्रेड लिङ्क नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ७०६/०६४/०६५
बसुन्धरा चौकी, काठमाडौं, नेपाल, फोनः ४३९०६६९, ४३६३६९७
मो.: ९७६१०००६१९, ९८५१०६९८७९, ९८४१४५०२६८, ९८०३८२१५७७
Email.: info@itlnepal.com, Web.: www.itlnepal.com

**कतार र साउदीमा रोजगार | १. कम्पनीः DIP WHIP CUSTOMZ**
शहरः Qatar, Doha

पूर्व स्वीकृत मितिः २०७९/०२/१६ चलानी नं.: ६०१८००३६ LT. No.: 263798

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOURER | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः YAHYA AHMED YAHYA AL-SHAMRANI LAUNDRY FOR CAR SERVIES शहरः JEDDAH

पूर्व स्वीकृत मितिः २०७९/०२/१६ चलानी नं.: ६०१८००३७ LT. No.: 263799

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 3 | 0 | स. काममा दक्ष | 1000 | ३३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २४ गते (7 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**हेभन ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३७७/०५९/०६०
पोष्ट बक्स नं: ९९२४, पिंगलास्थान, गौशला, काठमाडौं, फोनः ४११३६४४, ४११३७७८, फ्याक्सः ४११३७७८
E-mail : heaven@wlink.com.np, Web:www.heavenoverseas.com

**URGENTLY WANTED**

A Leading Recruitment Agency needs young, highly smart and Intelligent Female Staff for the Following post.

◆ Receptionist /Documentation Executive : (Female)

Qualification:
- Matured and Responsible,
- Minimum +2 passed,
- Well versed in computer application such as MS Words, Photoshop, Excel etc.
- Able to communicate in English and Experienced in Manpower agency will be given preference.
- Able to work under pressure and handle duties independently.

This is an URGENT requirement and you may be asked to join immediately. Please send your CVs to nepalcis@gmail.com

**Career International Services Pvt. Ltd.**
Dhumbarahi, Kathmandu

**कतारमा रोजगारको अवसर | कम्पनी : HIMALAYA DECORATION**
शहर:DOHA

पूर्व स्वीकृत मितिः २०७९/०२/०४ चलानी नं.: ६०१७९३३३ L.T. No.: 263147 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४०,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 1 | 0 | | 2500 | ८४,५०० | | | | | | | |
| 3. | Mason | 4 | 0 | | 1200 | ४०,५६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २४ गते (7 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**New Light International Pvt. Ltd.**
Govt.Lic.No. 1403/074/075
Samakoshi, Kathmandu, Tel.: 97701-4380173-4384185 /9813065702/9841039034/ 9851045653/9841071786/9862013933 | Email: info.newlight1403@gmail.com

**साउदीमा रोजगारको अवसर | कम्पनीः LABACO BEVERAGE SHOP**
शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७९/०२/१६ चलानी नं.: ६०१८००१७ LT. No.: 263949

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee And Tea Maker | 4 | 0 | स. काममा दक्ष | 1200 | ३९,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ जेठ २४ गते (7 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

LUCKY H.R. Solution Pvt. Ltd.
**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल, फोनः ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com

**मलेशियामा रोजगार | कम्पनी : TIGRIS SECURITY FORCE SDN.BHD.**
शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०२/१६ चलानी नं.: ६०१७९९५२ LT. No.: 263832

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 22 | 0 | स. काममा दक्ष | 1500 | ४२,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ २४ गते (7 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**पंगेनी ह्युमन रिसोर्स प्रा. लि.**
श्रम इजाजत नं. ८१३/०६५/०६६
गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल, फोनः ०१-४९८६६००/४९८६२०४
मो.: ९८१३३५६३८०
Email: pangeni813@gmail.com, Website: www.pangenihr.com

**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै बारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ। यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस्। यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगर्नुहोस्।

Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.




तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
**VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.**
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
१७ जेठ २०७९, मंगलबार
31 May 2022, Tuesday

## सम्पादकीय

### आशाको यात्रा

चुनाव लोकतन्त्रको नियमित प्रक्रिया हो। चुनावले नै जनताले आफ्ना प्रतिनिधि चयन गर्छन् भने एकपटक चुनिएका प्रतिनिधि फेरि त्यही पदमा कायम रहने वा नरहने भन्ने निर्णय लिन्छन्। अझ स्थानीय चुनावलाई हामीले जनताका आँगनको सरकार भनेका छौं। त्यही अनुसार संवैधानिक अधिकार प्रत्यायोजन पनि गरिएको छ। संवैधानिक अधिकार प्रत्यायोजनप्रति केही असन्तुष्टि पक्कै छ। तर स्थानीय सरकारलाई २०७२ को संविधानले यसअघिका स्थानीय सरकार भन्दा शक्तिशाली हुने कल्पना गरेको छ। त्यही कल्पना र व्यवस्था बमोजिम ०७४ मा निर्वाचित जनप्रतिनिधिले आफ्नो कार्यकाल पूरा गरिसकेका छन्। गएको ३० वैशाखमा दोस्रो कार्यकालका लागि चुनाव भएर जनप्रतिनिधिहरूले पदभार लिएका छन्। ७५३ मध्ये अब एक ठाउँ बाहेक सबै जनप्रतिनिधि निर्वाचित भइसकेका छन्।

सवैभन्दा धेरै जनसंख्या र मतदाता रहेको राजधानी शहर काठमाडौं महानगरका जनप्रतिनिधिले पनि सोमबार पदभार ग्रहण गरेका छन्। पदभार ग्रहण अगाडि नै मेयर निर्वाचित बालेन्द्र शाहले गतिविधि शुरू गरिसकेका थिए। सोमबार देखि भने राजकीय गतिविधि थालेका छन्। चुनावको प्रारम्भिक नतिजा सार्वजनिक भएदेखि नै उनको चर्चा राष्ट्रिय राजनीतिमा चलेको हो। सोमबार आइपुग्दा भने कार्यपालिका मार्फत बालेनले काम शुरू गरेका छन्। शपथ ग्रहणदेखि नै उनले नयाँ सन्देश दिने प्रयास गरेका छन्। राजधानी उपत्यकाका रैथाने समुदाय नेवारी भाषामा शपथ लिएर बालेनले उक्त समुदायप्रति अपनत्व दिलाउने प्रयत्न गरेका छन्।

गैरदलीय उम्मेदवारी दिएर बलिया प्रतिश्पर्धी पराजित गरेका बालेनप्रति आशा पनि तुलनात्मक बढी छ। युवा पुस्ताकै उपमेयरमा सुनिता डंगोल निर्वाचित गरेर महानगरको पदाधिकारीमा नयाँ परीक्षण गरेको राजधानी शहरका लागि बालेनले लिएको शपथको भाषा अझ अर्थपूर्ण छ। किनकि लोकतन्त्रको भावना सम्बोधन पनि नेपालको हकमा विविधता युक्त समाजको प्रतिविम्वित हुनु नै हो। त्यो भावना समेत बालेनले सम्बोधन गरेका छन्। तर वर्तमान संविधानको संरचना, दलीय व्यवस्था र कर्मचारी संयन्त्र जस्ता विषयलाई बालेनले विशेष ख्याल गर्न जरूरी छ। अझ युवा पंक्तिमा राजनीतिक चेतको संचार गराउन सफल बालेनले आम आशा कमजोर हुन नदिने दायित्व बोक्नुपर्नेछ। अझ राजधानी महानगर भएको तथ्य समेत हेक्का राख्नुपर्नेछ। किनकि यहाँको सिको बाँकी स्थानीय तहले समेत गर्ने गर्छन्। अतः चुनौती कम छैन, जति आशा गरिएको छ। त्यो भन्दा बढी राजधानी शहरलाई बस्न लायक र सून्दर बनाउन कम्ति चुनौतीपूर्ण छैन। बालेन सहित सम्पूर्ण जनप्रतिनिधिहरूलाई सफल कार्यकालको शुभकामना !

# अर्थतन्त्रको मृत्युपत्र !

*यो बजेटलाई गहिरिएर हेर्दा, अर्थतन्त्रको नाजुकतालाई वेवास्ता गर्दै १७ खर्ब ९३ अर्ब ८३ करोडको बजेट हावादारी वितरणमुखी बजेटका रूपमा ल्याइएको छ। देशको कुल राजस्वबाट आम्दानी महत्वकांक्षी रुपमा १२ खर्ब ४० अर्ब ११ करोड देखाइएको छ। जुन राजस्व उठ्न सम्भव नै छैन।*

अग्रलेख



● पुष्कर कुमार अधिकारी

यस वर्षको बजेट 'अर्थतन्त्रको मृत्युपत्र'का रुपमा आएको छ। अर्को चुनावलाई मात्र ध्यानमा राखेर अर्थतन्त्रका जल्दोबल्दो समस्याहरुको पूर्ण वेवास्ता गर्दै वितरणमुखी बजेट बाँदरको खेल झैं बनाइएको छ। यो बजेटले गर्दा अर्थतन्त्र टाट पल्टीइ भोकमरी, बेरोजगारी, आन्दोलनहरु व्याप्त भई श्रीलंकाको जस्तो हालत आउन अब धेरै कुर्नु पर्दैन। केही महिनाभित्र त्यस्तो हृदय विदारक स्थीति आउन सक्छ। यस्तो दुःखद परिवेश ल्याउनमा पूर्ण जिम्मेवार शेरबहादुर देउवा नेतृत्वको सरकारका अर्थमन्त्री जनार्दन शर्मा हुनेछन्। बजेटमा वेवास्ता गरिएका र वितरणमुखी व्यवस्थाहरुले गर्दा यस्तो स्थिति आउन सक्छ। बजेटले समस्या पार्ने कारण निम्नलिखित छन्।

#### बजेटको रकम नै हावादारी

यो बजेटलाई बिहंगम तरिकाले हेर्दा, अर्थतन्त्रको नाजुकतालाई वेवास्ता गर्दै १७ खर्ब ९३ अर्ब ८३ करोडको बजेट हावादारी वितरणमुखी बजेटका रुपमा ल्याइएको छ। देशको कुल राजस्वबाट आम्दानी महत्वकांक्षी रुपमा १२ खर्ब ४० अर्ब ११ करोड देखाइएको छ। जुन राजस्व उठ्न सम्भव नै छैन। रु. ५ खर्ब ४३ अर्बको न्यून करिब ३५ प्रतिशत वित्तीय घाटा बजेट ल्याइएको छ। यत्रो ठूलो रकम वर्तमान नेपालको आर्थिक अवस्था र विश्व व्यवस्थाको कारणले पूर्ती हुन सम्भव छैन।

यत्रो ठूलो वित्तीय घाटा बजेटले ल्याउने अकल्पनीय मुद्रास्फीती र साधारण उपभोक्ता मूल्य स्तर रोक्ने कुनै उपायहरु गरिएको छैन। त्यतिमात्र होइन अहिलेको मुद्रास्फीती र बढ्दो बजार मूल्यलाई कन्ट्रोल गर्ने कुनै व्यवस्था गरिएको छैन। यो बजेटले गर्दा बजार मूल्य अकल्पनीय रुपमा बढ्न गई जनताले जीवनलाई धान्नै नसक्ने अवस्थाको सिर्जना भई देशमा देशमा भोकमरी व्यापक बेरोजगारी र आन्दोलनको स्थिति आउन सक्छ। अहिल्यै नै डेप्ट जिडिपी रेसियो ५३ प्रतिशत छ। यस घाटा बजेटले यसलाई बढाएर कम्तीमा ५८ प्रतिशत पुऱ्याई देशको अर्थतन्त्रलाई टाट पल्टाउने अवस्थामा पुऱ्याउने छ।



#### झुक्याउने शब्दावली, आर्थिक समस्याप्रति मौन

रु. १७ खर्बको बजेटमा वित्तीय व्यवस्थापन नभई जनतालाई झुक्याउने शब्दावली प्रयोग गरेर ऋणको साँवा तथा ब्याज भुक्तानीमा कुल बजेटको १४ प्रतिशतभन्दा बढी रु.२ खर्ब ३० अर्ब २२ करोडको ठूलो रकम विनियोजन गरिएको छ। यसको हाम्रो अर्थतन्त्र ऋणमाथि उभ्याइएको जनाउने मात्र होइन सोधनान्तर स्थितिलाई पनि ठूलो प्रतिकुल असर पार्दछ।

अर्थतन्त्रमा अहिले देखिएको समस्यालाई समाधान गर्ने कुनै प्रावधान राखिएको छैन। जसले गर्दा, उत्पादनमूलक उद्योग र व्यवसायहरुले थप रोजगारी सिर्जना गर्न नसक्ने मात्र होइन भइरहेको रोजगारीलाई पनि कटौती गर्ने अवस्था आउछ। जसले गर्दा चरम गरिबीको स्थिति देखा परि ठूलो जनआन्दोलन हुन गई वर्तमानमा श्रीलंकाको जस्तो विकट स्थितिलाई देश निकट भविष्यमा नै पुग्न सक्छ।

विभिन्न माध्यमबाट सञ्चीत भएको विदेशी मुद्रा बाहिर जाने, घट्दो रेमिट्यान्स, पर्यटनबाट हुने आम्दानी, अवैद्य क्रिप्टो कारोबार, बढ्दो व्यापार धाटा जस्ता कारणले गर्दा देशको विदेशी मुद्रा सञ्चितीले केही महिनाको आयात मात्र धान्न सक्ने स्थितिमा देश छ। तर, बजेटमा यस्तो भयावह अवस्थाबाट देशलाई बाहिर निकाल्ने कुनै नीति राखिएको छैन।

११ खर्बभन्दा बढीको व्यापार घाटालाई न्यून गरि निर्यातलाई बढाउन तथा एफडिआई आर्कषण गर्नको लागि कुनै भरपर्दो र ठूलो सहुलियत दिइएको छैन। यस कारणले गर्दा निकट भविष्यमै सोधानान्तर स्थिति प्रतिकुल भई अत्यावश्यक सामग्रीहरुको आयाता पनि प्रभावित बनी देश संकटको भूमरीमा पर्ने देखिन्छ।

> *यो बजेट चुनाव लक्षीत अर्थतन्त्रको वास्तविकताबाट पर रहेको पपुलिष्ट वितरणमा मात्र ध्यान दिइएको बजेट हो। विकास निर्माण र समृद्धिको बाटो यस बजेटले देखाउँदैन। यसले त केवल देशको अर्थतन्त्रलाई टाट पल्टाई देशलाई बेरोजगारी, मुद्रास्फीती र भोकमरिको बाटोमा लगेर देशलाई श्रीलंकाको वर्तमान अवस्थामा पुऱ्याउने कुरामा कुनै शंका छैन।*

#### बजेट बाँडफाँड अवैज्ञानिक

यो बजेटमा रु. ४ खर्ब २९ अर्ब ८३ करोड प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरण शीर्षकमा, साँवा तथा ब्याज भुक्तानीमा रु. २ खर्ब ३० अर्ब २२ करोड, वित्तीय व्यवस्थापन शीर्षकमा रु. ७ खर्ब ५३ अर्ब ४० करोड चालु शीर्षकमा विनियोजन गरिएको छ। कुल रु. १४ खर्ब १३ अर्ब ४५ करोड बराबरको बजेट साधारण खर्चमा विनियोजन गरिएको छ। जुन खर्च राजस्वको आम्दानीले धान्न सक्दैन। रु. २ खर्ब ३ अर्ब ३१ करोड न्यून छ भने पूँजीगत खर्च भनि विनियोजित बजेट रु. ३ खर्ब ८० अब ३८ करोडको विशाल रकम कहाँबाट व्यवस्थापन गर्ने ? यो बजेट विकास र निर्माणमा कुन योगदान दिने बजेट होइन।

#### क्रिप्टोकरेन्सीप्रति मौनता

भारत र चीन दुवै देश क्रिप्टोकरेन्सीको कारोबारलाई व्यवस्थित गर्दै आफ्नो क्रिप्टोकरेन्सी बनाउने भनि वैदेशिक मुद्रालाई नियन्त्रण गर्दै छन्। तर, हाम्रो अर्थमन्त्री भने अझै पनि क्रिप्टो करेन्सीलाई अवैध भन्दै पुँजीलाई नै संकट तर्फ लैजादैछन्। चीनले त आफ्नो क्रिप्टो करेन्सीसमेत माइनिङ्ग गरिसक्यो। भारतले गर्दैछ। भारतीय मुद्रासँग फिक्स एक्सचेन्ज रेट भएको नेपाली मुद्रा बलजफ्ती नै भारतीय क्रिप्टोसँग जोडिन पुग्छ। यो अवस्थालाई अर्थमन्त्रीले कुनै सम्बोधन नगरी राष्ट्रघात गर्नु भएको छ।

#### विद्युत विकासबारे अलमल नीति

आगामी वर्षदेखि देशमा ७ सय ५० मेगावटभन्दा बढी जलविद्यूत खेर जान्छ र पाँच वर्षभित्रमा ७ हजार मेगावट उत्पादित विद्यूत खेर जान्छ। जे गरेर भएपनि अहिलेको खपतको स्तरलाई वर्तमान अवस्थाबाट ५ सय मेगावट मात्र बढाउन सकिन्छ। त्यसरी खेर जाने विद्युतलाई सदुपयोग गर्न अहिले विकसित टेक्नोलोजी लिथिनियम इभी ब्याट्री र इनर्जी स्टोरेज सिस्टम उत्पादन गरि बिजुलीको अन्तराष्ट्रिय व्यापार गर्ने स्थिति ल्याउन यस बजेटमा कुनै परिकल्पनासम्म पनि गरिएको छैन। केवल रु. ३ खर्ब ८० अर्ब ३८ करोडको पूँजीगत खर्च बजेटमा विनियोजन गरेर ८ प्रतिशत आर्थिक बृद्धिदर हासील गर्ने भन्नु मात्र केवल अर्थमन्त्रीको बौद्धिक दिवालीयापन हो। यस विनीयोजित रकमको पनि सरदर १८.२० प्रतिशत मात्र खर्च हुने हाम्रो सिस्टमको क्षमता छ, नियोजित रकम खर्च गर्ने सिस्टमको क्षमता बढाउनको कुनै नीति यस बजेटले लिएको छैन। अर्थमन्त्री ८ प्रतिशत आर्थिक बृद्धिदर हासिल हुन्छ भनि हावादारी सपना बाँडी रहेका छन्।

#### धितोपत्र बजारप्रति मौनता

धितोपत्र बजार देश निर्माणको लागि पूँजी जुटाउने एक महत्वपूर्ण थलो हो। तर, यस विषयको कुनै ज्ञान नभएका अर्थमन्त्रीले वर्तमानमा घट्दो पूँजीबजारलाई बढ्दो पूँजी बजारका रुपमा परिवर्तनलाई गर्न यस बजेटमा कुनै योजना ल्याएका छैनन्। धितोपत्र बजारलाई प्रतिस्पर्धात्मक बनाउन बहुल धितोपत्र बजारको स्थापना हुनपर्छ भन्ने मान्यतालाई यस बजेटले पूर्णरुपमा वेवास्ता गरेको छ।

#### महामारी पीडितलाई वेवास्ता, नाम मात्रको कृषि

अहिलेको बजेटले निजी क्षेत्रलाई कोभिड महामारीबाट परेको वित्तीय घाटाबाट राहत दिई थप लगानीको लागि प्रोत्साहित गर्ने, ऋणको सावाँ तथा ब्याज भुक्तानीमा कुनै पनि प्रकारको सहुलियत दिइएको छैन। उनीहरुलाई आफ्नो व्यापार बढाउन सहुलियतपूर्णरुपमा ऋण व्यवस्था गरिदिने कुनै योजना यस बजेटमा छैन।

आत्मनिर्भरताको लागि कृषि, रोजगारीको लागि कृषि विकास र समृद्धिको लागि कृषि भनेर जतिसुकै फलाके पनि जतिसुकै शीर्षक र उपशीर्षक राखेपनि रु. १७ खर्ब ९३ अर्ब ८३ करोडको बजेटमा केवल रु. ४५ अर्ब ९ करोड जस्तो सानो रकम विनियोजनन गरि यो सरकारले बजेटमा कृषि किसानहरुको धज्जी उडाइएको छ। यो बजेटमा कृषिमा विनियोजित बजेटले कृषि क्षेत्रको संवार्गिण विकास होइन, यथास्थितिमा रहनसमेत नसक्ने स्थितिको सिर्जना गरेको छ। संक्षेपमा भन्नुपर्दा, यो बजेट चुनाव लक्षीत अर्थतन्त्रको वास्तविकताबाट पर रहेको पपुलिष्ट वितरणमा मात्र ध्यान दिइएको बजेट हो। विकास निर्माण र समृद्धिको बाटो यस बजेटले देखाउँदैन। यसले त केवल देशको अर्थतन्त्रलाई टाट पल्टाई देशलाई बेरोजगारी, मुद्रास्फीती र भोकमरिको बाटोमा लगि देशलाई श्रीलंकाको वर्तमान अवस्थामा पुऱ्याउने कुरामा कुनै शंका छैन। यही विविध कारणहरुले गर्दा यस बजेटलाई अर्थतन्त्रको "डेथ वारेन्ट" भनिएको हो।

*(अधिकारी अर्थविद्का रूपमा परिचित छन्।)*

## सामाजिक सञ्जाल




**- पुरुषोत्तम ढुंगेल**

जसरी प्रत्येक चुनावभन्दा पहिले देश र जनताको लागि भनेर हरेक पार्टीले घोषणापत्र सार्वजनिक गर्छ, त्यसैगरी हरेक वर्ष सरकारले देश र जनताको लागि भनेर बजेट सार्वजनिक गर्छ। यि दुवैमा कुनै भिन्नता छैन। किनकी यी दुबैमा देश र जनताको लागि ललिपप र नेता मन्त्री र कार्यकर्ताहरूको लागि कमाउ भाँडो।



**- विश्वास खड्काथोकी**

पहिलो भेट नै प्रधानसेनापतिसँग अनि सपथमा श्रीमतिलाई टीका र माल्यार्पण। के यो संयोग मात्र हो ? मतदातामाथि अपमान गरेका छन् बालेन्द्रले। ज्योतिषीले त्यसो भने पनि नयाँ पुस्ताका प्रतिनिधिले यसो गर्नु हुँदैनथ्यो। कुन व्यवस्थाबाट निर्वाचित भएको भन्ने कसैले सम्झाइदिनुपऱ्यो उनलाई।



**- कृष्ण घिमिरे**

घरमा बजेट भाषण पढिदैछ। प्रथम टिप्पणी, सगरमाथा २ घण्टामा पुग्ने, चितलाङ्ग हुँदै चितवन १ घण्टामा पुग्ने बाटा बन्ने रे ! अझ काठमाडौंका चारै भञ्ज्याङ्ग छेण्ड्ने सुरूङ बनाउने रे ! बार्दली बाका पानी जहाज र चुच्चे रेललाई माथ गर्ने भए त ! गफै ओड्ने, गफै खाने गफैमा सुत्ने हामी नेपाली !



**- नारायणप्रसाद दाहाल**

बजेट भनेको स्वदेशी उत्पादनमुखी हुन जरूरी रहन्छ। भौतिक निर्माणका कुराहरू, रोजगारको प्रत्याभूति, मानव संशाधन विकासका लागि जति पनि योजनाहरू मुख्य एजेण्डा हुनु पर्दछ। ति योजना तथा कार्यक्रमहरू उत्पादनको वातावरण बनाउने तर्फ केन्द्रीत हुनु पर्दछ।



**- दिपक प्याकुरेल**

कर्मचारीले मात्रै बाँच्नु पर्ने ? अरू त मरे हुन्छ भन्नेजस्तो विभेद गरेको किन ? गरिब जनताको लागि प्याकेज खोइ ? प्रत्येक वडामा दुईदेखि तीन वटा सहुलियत पसल खोलेर कुपन सिस्टमबाट खाद्य वितरण गरियोस् ताकि गरिबले पनि सरकार भएको अनुभुति गर्न सकुन्। गरिबलाई भोट बैंक मात्र बनाउन मिल्छ ?

# एमालेको गिर्दो भविष्य

टिप्पणी



● बिदुर दाहाल

स्थानीय चुनावसँगै जबरजस्तरूपमा उदाएको एउटा घमण्डको अन्त भयो। नेकपा (एमाले)ले योभन्दा बढी पाउनै सक्दैन्थ्यो। पाएन पनि। उता विभाजित एकीकृत समाजले जति ल्यायो, त्यो पनि अपेक्षा गरेकै तहमा थियो। त्योभन्दा उसको संगठन नै थिएन। जति ल्यायो पुग्दो ल्यायो।

केपी शर्मा ओली विशेष सहयोगीहरु गोकुल बाँस्कोटा, महेश बस्नेत, विष्णु पौडेल, शंकर पोखरेल, सूर्य थापालगायतका पात्रहरुको उक्साहटमा जसरी अगाडि बढे न त्यो एमालेको हितमा थियो, न भविष्यमा हुनेछ। ओलीले चालेको कदम एमालेका लागि गलत मात्र थिएन, त्यो ध्वंसको बाटो थियो। ओलीलाई यो दुनियाको सर्वज्ञानि भन्ने भ्रम छरियो। देवत्वकरण गर्ने कोशिश गरियो। यसले एमालेको ओरालो यात्रालाई रोकेन र रोक्ने छैन।

दम्भ र घमण्ड रहिरहे आउँदो चुनावमा एमालेको लागि थप दुःखद हुनेछ। स्थानीय चुनाव र केन्द्रिय चुनावमा फरक हो र फरक हुन्छ। जनतासँग चिनिएका स्थानीय नेताले चुनाव जित्नु र केन्द्रको चुनावमा आकाश जमिनको फरक हुन्छ। एमाले टिकेको नेताले होइन, स्थानीय कार्यकर्ताको जोड बलले नै हो। जसले स्थानीय चुनावमा एमालेको लाज ढाकिदिए। एमालेको दुःखान्त दिन योभन्दा बढी देख्न नपरोस् आउँदो चुनावमा।

माधव नेपालको पार्टी जित्नभन्दा हराउन स्थापना भएको थियो। उसले करिब आफ्नो लक्ष्य पुरा गऱ्यो। आउदो चुनावमा फेरि यही गठबन्धन जारी रह्यो भने एकिकृत समाजवादीले २५/३० सिट जित्न सक्छ। उसले नेकपा एमालेलाई आफूभन्दा दोब्बर ठूलो पार्टी हुन दिने छैन।

> *ओलीले चालेको कदम एमालेका लागि गलत मात्र थिएन, त्यो ध्वंसको बाटो थियो। ओलीलाई यो दुनियाँको सर्वज्ञानि भन्ने भ्रम छरियो, देवत्वकरण गर्ने कोशिश गरियो, यसले एमालेको ओरालो यात्रालाई रोकेन र रोक्ने छैन। दम्भ र घमण्ड रहिरहे आउँदो चुनावमा एमालेको लागि थप दुःखद हुनेछ।*

ओलीलाई जसरी एउटा राजनेताको पगरी दिँइदै छ। त्यो पगरी वर्तमान परिवेशमा कायम रहेमा मंसिर पछि एमालेका खलनायक नेता हुनेछन्। त्यो दुर्दिन कसरी खप्ने हो एमालेले। ओलीकै कारण ओरालो लाग्दै गएको माओवादी केन्द्रलाई जबरजस्त रुपमा एउटा बलियो शक्तिको रुपमा स्थापना गरिदियो। सत्ताबाट धेरै टाढा गएको नेपाली कांग्रेसलाई फेरी सत्तामा ल्यादियो। कुबुद्धिले कांग्रेसलाई प्राण दान भयो। ठूलो पार्टी उसैको कारण बन्यो। कांग्रेसले धन्यवाद दिए हुन्छ ओलीलाई।

स्थानीय चुनावको हार पछि ओलीले जुन रुपमा माओवादीलाई दूध भात दिने भनेर भनिरहेका छन्, त्यो अब सजिलै बिक्ने सम्भावना छैन। हिजो अदालतका माध्यमबाट नेकपा विभाजन हुँदा दीपावली गर्न लगाउने पात्र उनै थिए। कति दुरदर्शिता छन् भन्ने कुरा त्यसैले प्रमाणित गर्दछ। भलै उनले फेरी ललिपप दिन छोड्ने छैनन् माओवादी केन्द्रलाई। तर अब एमालेको हैसियत बराबर बाहेक माओवादीवादी केन्द्र मिल्ने सक्ने सम्भावना कम छ। त्यो पनि उधारो मान्ने छैन। एउटा हुँकार र घमण्डले नेकपा एमाले दुब्लो भयो र बनाइयो। सुधार गर्ने बाटोमा ओली गएमा अझै समय छ। तर अब उनका सिङ्ग, दारा र चिथोर्ने नङ्ग्रा हुने छैनन्। पार्टीमा एउटा तानाशाहका रुपमा पनि रहने छैनन्। एमालेलाई एउटा कम्युनिस्ट नामको समाजवादी पार्टी बनाउने हो, एउटा लोकतान्त्रिक पार्टी बनाउने हो भने ओलीको घमण्ड ब्रेक लागेकै हुनुपर्छ। अन्यथा एमाले एउटा बलियो पार्टी हुन सक्दैन। ९ महिनासम्म संसद बन्धक बनाउनु र बिना निष्कर्ष त्यसबाट पछि हट्नुले एउटा दिशाहिन र सनकको भरमा चल्ने पार्टीको रुपमा रहेको पुष्टि गर्दछ। एमाले लोकतान्त्रिक पार्टी भइरहन तथा एउटा शक्तिशाली पार्टी बनिरहन ओली ओझेलमा पर्नै पर्छ। न ओली मदन बन्न सके, न उनी मनमोहन बन्न सके। मात्र उनी हाँस्य पात्र बने। कलाकार रुपमा पछिसम्म मानिसले सम्झने छन्। अब धेरै विकल्प छैनन् उनीसँग मात्र सच्चिने वा चाउरिने !

अझै बुद्धि फिर्छ र स्थानीय चुनावलाई निर्मम समिक्षा गर्छन् र आगामी दिन उज्जल बनाउन सक्छन्। अन्यथा, एउटा चाउरिदै गएको पार्टीमा एमाले रुपान्तरण निश्चित छ। त्यो बेलासम्म माधव नेपाल सकिएलान्। उनको पार्टी सानो होला। तर, उनको पार्टीले एमालेलाई फुच्चे पार्टी बनाउन सक्ने सामर्थ्य राख्छ। माधव नेपाल एउटा माने पनि नमाने पनि फिगर हो। जहाँ माधव नेपाल हुन्छन् त्यहाँ केही न केही शक्ति हुन्छ। भलै माधव नेपाल एउटा परिक्षण गरिएका पात्र हुन्। उसबाट धेरै कायापलट हुने उपेक्षा गर्नु चाहिँ बेकार हो।

# बलात्कारविरुद्ध मुद्दामा हदम्याद नलाग्ने गरी कानून ल्याइने



काठमाडौं/मस-प्रधानमन्त्री शेरबहादुर देउवाले बलात्कारविरुद्धको उजुरीमा हदम्याद नलाग्ने गरी कानून संशोधनको विधेयक संसद्मा चाँडै प्रस्तुत गरिने बताएका छन् । चौथो राष्ट्रिय महिला अधिकार दिवसका अवसरमा सोमबार आयोजित मूल समारोहको कार्यक्रममा प्रधानमन्त्री देउवाले महिला हिंसाका घटनामा सरकारले शून्य सहनशीलता अपनाउने र लैङ्गिक समानताका लागि संविधानले दिएको समावेशी समतामूलक हकअधिकार कार्यान्वयनका लागि सक्दो पहल गर्ने बताए ।

उनले निर्मला पन्तको हत्याका दोषीलाई पक्राउ गर्न समय लागे पनि प्रहरीको अनुसन्धान जारी रहेकाले एक दिन हत्यारा कानूनी नियन्त्रणमा आउने विश्वास व्यक्त गरे । प्रधानमन्त्री देउवाले लैङ्गिक समानताका दृष्टिले नेपाल दक्षिण एशियामै अग्रणी मुलुक रहेको र महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सम्पत्तिमा स्वामित्व वृद्धिका लागि नीतिगत र कानूनी प्रबन्ध गरिएको स्पष्ट गर्दै राज्यका सबै निकायमा महिलाको सार्थक सहभागिता र उपस्थितिका लागि पनि सरकार क्रियाशील रहेको जानकारी दिए ।

## विद्यालयमा भ्रष्टाचार
# तीन जनाविरूद्ध मुद्दा




**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दैलेखको विद्यालयमा व्यवस्थापन गर्ने भन्दै भ्रष्टाचार गरेको आरोपमा तीन जनाविरूद्ध विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर भएको छ । जिल्लाको आठबीस नगरपालिका–८ का वडा अध्यक्ष तथा गणेश आधारभूत विद्यालय विशालाका विद्यालय व्यवस्थापन समितिका सदस्य मुक्तिप्रसाद उपाध्याय, गणेश आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्तक बहादुर कामी र विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका सदस्य सचिव अनिलकुमार शाहीविरूद्ध आरोपपत्र दायर भएको आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए ।

प्रवक्ता भण्डारीका अनुसार उनीहरूले दैलेखको आठबीस नगरपालिका–८ मा रहेको श्री गणेश आधारभूत विद्यालय विशालामा आइसिटी व्यवस्थापन गर्ने भनेर भ्रष्टाचार गरेको आरोप छ । गत आर्थिक वर्ष २०७६/७७ मा सामान विद्यालयका लागि सामान खरिद गरेको भन्दै उनीहरूले भुक्तानीको लागि आठबीस नगरपालिका नक्कली बिल पेश गरेका अख्तियारको आरोप छ ।

उनीहरूले विद्यालयमा विनियोजन नै नभएको बजेटलाई विभिन्न समयमा आइसिटी व्यवस्थापन गर्न र सोलार खरिद गर्न कोटेसन आह्वान गर्ने काम गरेका थिए । उनीहरूले कोटेसन छनोट गर्ने र सामग्री नै खरिद नगरी खरिद गरी सकेको भनी विद्यालय व्यवस्थापन समितिको निर्णय गरी सोही निर्णयको आधारमा झूटा बिल कागजात तयार गरी भ्रष्टाचार गरेको आरोप छ ।

आठबीस नगरपालिका–८ का कार्यालयबाट हुँदै नभएको कामलाई कार्य सम्पन्न भएको भनि सिफारिस समेत गरेको आयोगका प्रवक्ता भण्डारीले बताए । आयोगका अनुसार उनीहरूले सरकारी रकम खाने, मास्ने उद्देश्यका साथ ४ लाख ९८ हजार गैरकानूनी लाभ लिन गलत लिखित तयार गर्न खोजेको थिए ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५८।११।१४ मा दर्ता भएको **प्रा.लि.नं.१८०४९** को **चौधरी प्लाष्टिक ईण्डष्ट्रिज प्रा.लि** को मिति २०७९।०२।१५ संचालक समितिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्वीटेशनः श्रवण कुमार श्रेष्ठ, इजाजतपत्र नं.४०४, फोन नं. मो.९८५१२१७००४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०६/०९ मा दर्ता भएको **प्रा.लि.नं.१७६०३९** को **बिदा ट्राभल एण्ड टुर्स प्रा.लि** को मिति २०७९।०२।१६ संचालक समितिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्वीटेशनः सरोज दहाल, इजाजतपत्र नं.३५३, मो:९८५१२११००२**



## साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: AYED DAHIM AL HAMOUD & PARTNERS TRADING AND CONTRACTING COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०२/१६ — चलानी नं.: ६०१७९९७९ — LT. No.: 263924

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 10 | 0 | | 1800 | ५९,४१८ | | | | | | | |

२. कम्पनी: MANAL SHABAB ABDULLAH AL-OTAIBI FACTORY FOR INDUSTRY — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०२/१६ — चलानी नं.: ६०१७९९८० — LT. No.: 263925

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 7 | 0 | स. काममा दक्ष | 1800 | ५९,४१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ २४ गते (7 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AAYUSH OVERSEAS PVT. LTD.**
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01-4112559, 4112586
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np



## साउदीमा रोजगार | कम्पनी: Premium Choice Polishing Car Services Corporation

शहर: SAUDI
पुर्व स्वीकृत मितिः २०७८/१२/०२ — चलानी नं.: ६०१७६०८३ — L.T. No.:259501 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Polishing Agent | 3 | 0 | स. काममा दक्ष | 1000 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २४ गते (7 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोनः ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com



## साउदीमा रोजगार | १. कम्पनी : ABDUL AZIZ HAMAD HUSEN AL- DUWAIS CONTRACTING EST.

शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०७९/०२/१६ — चलानी नं.: ६०१७९९३८ — LT. No.: 263768

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Electrician | 1 | 0 | स. काममा दक्ष | 1500 | ४९,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : ALROSHAN COOKING KITCHENS TO SERVE MEALS — शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०७९/०२/१६ — चलानी नं.: ६०१७९९७३ — LT. No.: 263927

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ जेठ २४ गते (7 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अरनिको ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. २६७/०५८/०५९
पो.ब.नं. ८९७५, इपिसिः २५१६, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५५५३६५, ५०१०६५७, ५०१०६५८
फ्याक्सः ५५५५३६६, Email: aranikooverseas@gmail.com, Website: www.aranikooverseas.com



# INTERSCAFF SAFETY
## International Vocational Training School

- IRATA Rope Access
- CISRS Scaffolding
- Spray Painting
- Sandblasting
- F/S Carpenter
- Steel Fixer
- Pipe Fitter
- Insulator
- Welders-TIG/MIG/ARC(upto 6G)
- Mason-Marble/Tile/Block
- Industrial Electrician
- Aluminium Fabricator
- A/C Technician
- Plumber



Skill Test / Video Graphy Services

NOTE: We provide wide range of skill development trainings
Follow us on Social Media @interscaffsafety

Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com



## साउदीमा रोजगार | १. कम्पनी: THE SPACIOUS SKY CAFE TO SERVE DRINKS

शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०७९/०२/१६ — चलानी नं.: ६०१७९९५४ — LT. No.: 263892

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 2 | 0 | स. काममा दक्ष | 1500 | ४९,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: SAMHAN NASSER AL-DOSSARY OFFICE FOR CARGO TRANSPORT — शहर: Al-ahsa Hofuf
पूर्व स्वीकृत मितिः २०७९/०२/१६ — चलानी नं.: ६०१७९९५३ — LT. No.: 263891

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pan Road Machinery Driver | 4 | 0 | स. काममा दक्ष | 2500 | ८२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २४ गते (7 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Sasha Overseas Pvt. Ltd.** Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 01-4592240, 4592241



## Kuwait मा रोजगार

1. Kids Zone Artistoo For Kids Entertainment.
पूर्व स्वीकृती मितिः २०७९/०२/१६ — चलानी नं. ६०१८०००९ — LT No.: 263830

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Sales Lady | 10 | साधारण | 135 | ५४,६५५/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

2. Chicas Company For Ready Made Garments, Shoes, Bags, Gifts And Acessories
पूर्व स्वीकृती मितिः २०७९/०२/१६ — चलानी नं. ६०१८०००२ — LT No.: 263828

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Sales Lady | 6 | साधारण | 135 | ५४,६५५/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

3. Profeed Restaurant Concepts Co.WLL.
पूर्व स्वीकृती मितिः २०७९/०२/१६ — चलानी नं. ६०१८०००७ — LT No.: 263829

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 1 | 1 | काममा दक्ष | 100 | ४०,४८५/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Waiter | 1 | 0 | | 120 | ४८,५८२/- | | | | | | | |
| ३. | Cook | 2 | 0 | | 150 | ६०,७२८/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | १०,०००/- |

अन्तरवार्ता २०७९ जेठ २४ गते (7 June. 2022) यस प्रा. लि. को कार्यालय हातिसार काठमाडौंमा हुनेछ ।

**Takura Overseas Pvt. Ltd.**
Hattisar 01, Kathmandu, Tel : 01-4532408, 9802325538, 9802325537



# ZERO COST RECRUITMENT IN MALAYSIA!!
# मलेशियामा शुन्य लागतको रोजगार !!

Free Visa, Free Ticket, Free Service Charge, Free Medical, Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र निःशुल्क यातायात, आवास र खाना (छनौट पस्चात)

(Company Name) : BRIGHT RESOURCE TECHNOLOGY SDN. BHD. — Malaysia, Selangor
रोजगारदाता कम्पनी : ब्राइट रिसोर्स टेक्नोलोजी एसडिएन. बिएचडी. — मलेसिया, सेलाङ्गर

| पूर्व स्वीकृत मितिः २०७९/०२/१६ | चलानी नं.: ६०१८००२१ | एल टी नं.: २६३४९० |
|---|---|---|
| Pre Approval Date: 2022/05/30 | Consignment No.: 60180021 | L.T. No.: 263490 |

| सि.नं. S.N. | Post of Foreign Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या Male पुरुष | Female महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR रिङ्गिट | NPR ने.रु. | Over time ओभरटाइम सुबिधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुबिध | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker औद्योगिक कामदार | 5 ५ | 0 | Proficient in reading, writing and speaking English दक्ष अंग्रेजी पढ्न, लेख्न र बोल्न सक्ने | 1500 १५०० | 42,405 ४२,४०५ | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने | Abroad Medical Cost borne by विदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले ब्यहार्ने | Visa Stamping Cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले ब्यहार्ने | By the Employer रोजगारदाताले ब्यहार्ने | By the Employer: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- रोजगारदाताले ब्यहार्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।–, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।–, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।– | By the Employer रोजगारदाताले ब्यहार्ने | By the Employer रोजगारदाताले ब्यहार्ने | By the Employer रोजगारदाताले ब्यहार्ने | By the Employer रोजगारदाताले ब्यहार्ने | NPR 700/- By the Employer ने.रु.७००।– रोजगार दाताले ब्यहार्ने | NPR 1500/- By the Employer ने.रु.१५००।– रोजगारदाताले ब्यहार्ने | By the Employer रोजगारदाताले ब्यहार्ने |

BRIGHT RESOURCE TECHNOLOGY SDN. BHD. doesn't impose any Recruitment/Placement Fee for this employment.
ब्राइट रिसोर्स टेक्नोलोजी एसडिएन. बिएचडीले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।

Note (नोट):
* आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
* Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
* प्रि–अन्तवार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तवार्ताको लागि योग्य हुनेछन् ।
* Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.

**Pre Interview will be conducted on 7 June 2022 in office Premises, Kathmandu.**
**प्रि–अन्तवार्ता मिति २०७९ जेठ २४ गते मेनपावर कार्यालय परिसरमा हुनेछ ।**
**Final Interview will be conducted on 8 June 2022 in Kathmandu.**
**फाइनल अन्तवार्ता मिति २०७९ जेठ २५ गते मेनपावर कार्यालय परिसरमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

*Aakarshan International Pvt.Ltd. is committed to abide laws and principle guidelines of "ZERO COST " and "ETHICAL SOURCING/RECRUITMENT" providing equal opportunities treating fairly with the dignity in transparent way.
आकर्षण ईन्टरनेशनल प्रा.लि. ले "शून्य लागत" र "नैतिक स्रोत र भर्ती" को कानुनी सिदान्तलाई पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्ध छ ।

बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नु भएमा हामीलाई ईमेल grievancereporting@aakarshannepal.org मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत समेत प्रत्यक्ष वा अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासो हरुलाई सम्बोधन गर्नेछौं ।

Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at grievancereporting@aakrashannepal.org, or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handel your concerns as soonest possible.

**AAKARSHAN INTERNATIONAL PVT. LTD.**
Govt. Lic. No.: 609/062/063
Aakarshan Building, Shambhu Marga (Near Airport), Katmandu, Nepal
Email: publicrelation@aakarshannepal.org | web: www.aakarshannepal.org
Contact No.: 01-4498701, 01-4474178

# कतारकी महिला थानीद्वारा सगरमाथाको सफल आरोहण

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा कतार, १६ जेठ

कतारको राजपरिवारकी सदस्य शेखा आस्मा अल थानीले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेकी छिन् । सगरमाथा आरोहण गर्ने शेखा आस्मा पहिलो कतारी महिला बनेकी छिन् । उनले यसै महिना ताप्लेजुङमा रहेको ८ हजार ५ सय ८६ मिटर उचाइको कञ्चनजंघा हिमालको पनि सफल आरोहण गरेकी थिइन् ।



सगरमाथा आरोहण गरेका तस्बिरहरू सामाजिक सञ्जालमा सार्वजनिक गर्दै थानीले ठूलो सपना देख्न लाज नमान्न आग्रह गर्दै जहाँ इच्छा हुन्छ त्यहाँ बाटो हुने बताएकी छिन् । उनले सगरमाथा चढ्नु आफ्नो जीवनको ठूलो सपना भएको र यो साकार भएको समेत उल्लेख गरेकी छिन । उनले मनासलु हिमाल पनि बिना अक्सिजन चढेकी थिइन् ।

उनलाई कीर्तिमानी आरोही मिङ्मा डेभिड शेर्पा, निर्मल पुर्जा र मिङ्मा तेन्जिङ शेर्पा सहितको इलाईट एक्स्पेडिसनले टिमले गाइड गरेको थियो । गत वर्षको वसन्त ऋतुमा आस्माले एक्स्प्लोरर ग्रान्ड स्लाम अर्थात् विश्वका सात महादेशका सात सर्वोच्च शिखर आरोहण गर्ने र दुई ध्रुवमा पाइला राख्ने लक्ष्यसहित सगरमाथा आरोहणका लागि नेपाल पुगेकी थिइन् ।

थानीले नेपालको धौलागिरी, दक्षिण अमेरिकाको ६,९६९ मिटरको माउन्ट एकोनकागुआ, अफ्रिकाको ५,८९५ मिटर अग्लो माउन्ट किलिमन्जारो र युरोपको ५,६४२ मिटर अग्लो माउन्ट एल्ब्रस आरोहण गरिसकेकी छिन् ।

# ट्रक दुर्घटनामा चार जनाको मृत्यु



**उदयपुर/मस**–उदयपुरको कटारी नगरपालिका-१४ सिद्धिचरण मार्गको भदौरेमा सोमबार बिहान ट्रक दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यलय उदयपुरका अनुसार सिरहाको मिर्चैयाबाट सिमेन्ट बोकेर सोलु हाइड्रोपाउवरको लागि सोलुतर्फ जाँदै गरेको ना ८ ख ८२५७ नं को ट्रक कटारीस्थित सिद्धिचरण मार्गको भदौरेमा सोमबार बिहान सडकबाट अनियन्त्रित भई सय मिटर तल खस्दा घटनास्थलमै चारको मृत्यु भएको हो ।

मृत्यु हुनेमा बाराको सिमरा नगरपालिका-१ का ट्रकचालक ३५ वर्षीय सुजित घलान, सहचालक २५ वर्षीय निकेश खड्का, बारा सिमराकै १७ वर्षीय अनोज लामा र अर्का ३७ वर्षीय राजन तामाङको मृत्यु भएको कार्यलयका प्रहरी नायब उपरीक्षक सन्तोष आचार्यले जानकारी दिए । घटनालगत्तै पुगेको इलाका प्रहरी कार्यालय कटारीको टोलीले मृतकको शव संकलन गरी परीक्षणको लागि कटारी अस्पताल लगेको छ ।


## श्री पहाडा धोजा सामुदायिक वन उपभोक्ता समूह
दुल्लु नगरपालीका वडा नं ९ दैलेख

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९।२।१७**

श्री पहाडा धोजा सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादन भई दुल्लु नगरपालीका वडा नं ९ मा घाटगद्धिमा राखिएको खोटे सल्लो जातको गोलिया काठ थान ७० को ९७१।१८ क्यु फिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरीन्छ । यस सम्वन्धी विस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सुचना यस सामुदायिक वन उपभोक्ता सुमुह तथा डिभिजन वन कार्यालय दैलेखको सुचना पाटीमा टाँस गरीएको छ ।

**श्री पहाडा धोजा सामुदायिक वन उपभोक्ता समूह**
**दुल्लु नगरपालीका वडा नं ९ दैलेख**

## मलसियामा रोजगार |
कम्पनी : FEPA SDN BHD
शहर :JOHOR

पूर्व स्वीकृत मितिः २०७९/०२/१६ चलानी नं.: ६०१८००२५ LT. No.: 263838

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 12 | 0 | स. काममा दक्ष | 1500 | ४२,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २४ गते (7 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No.: 1405/074/075
**Chandra Kamana Manpower Pvt. Ltd.**
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

## ZERO COST RECRUITMENT Opportunity for Malaysia!!
## शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!Free Food | Transportation | Accommodation from Hometown to Airport!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ! घर देखि एयरपोर्ट सम्म नि:शुल्क खाना । यातायात । आवास !

